अनुसूची(२)

(दफा ४ तथा अनुसूची-१ को भाग- १ संग सम्बन्धित)

# भीरकोट राजपत्र

# भीरकोट नगरपालिकाद्धारा प्रकाशित

खण्ड ९ संख्या १ मितिः २०८३/०३/३०

## भाग-१

## भीरकोट नगरपालिका

**भीरकोट नगरपालिकाको आर्थिक ऐन, २०८३**

नगर सभाबाट स्वीकृत मितिः २०८३/०३/२६

**प्रस्तावनाः**

भीरकोट नगरपालिकाको आर्थिक वर्ष २०८३/८४को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, दस्तुर तथा सेवा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको लागि प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम भीरकोट नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (क) यस ऐन को नाम "भीरकोट नगरपालिकाको आर्थिक ऐन, २०८३" रहेको छ ।

(ख) यो ऐन २०८३ साल श्रावण १ गतेदेखि भीरकोट नगरपालिका क्षेत्रमा लागु हुनेछ ।

२. **सम्पत्ति कर र भूमीकरः** (१) भीरकोट नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको घर र घरजग्गामा अनुसूची-१ बमोजिम सम्पत्ति कर लगाई राजश्व संकलन गरिनेछ । जग्गाको मूल्याङ्कन अनुसूची-१, घरको मूल्याङ्कन अनुसूची-१क र घरको बनोटको आधारमा ह्रासकट्टी अनुसूची-१ख बमोजिम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा उपदफा (३) बमोजिम भूमीकर (मालपोत) लगाईनेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि **"घरले चर्चेको जग्गा"** भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म सम्झनुपर्छ ।

(३) भीरकोट नगरपालिका क्षेत्रभित्र उपदफा (१) बमोजिम सम्पत्ति कर लगाई बाँकी रहेको जग्गामा अनुसूची-१ बमोजिम भूमीकर (मालपोत) लगाईनेछ ।

३. **घर जग्गा बहाल करः** (१) भीरकोट नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा घर जग्गा बहाल कर लगाइने र राजश्व संकलन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम वित्तिय संस्थालाई घर जग्गा बहालमा दिएकोमा बहालमा दिएको रकमको १० प्रतिशत र अन्य सर्वसाधरणलाई बहालमा दिएको रकममा ५ प्रतिशतका दरले हुन आउने रकम घर जग्गा बहाल कर वापत राजश्व संकलन गरिने छ ।

(३) उपदफा (१) बमोजिम घर बहालमा लगाउने घरधनीहरूले घर बहालमा दिँदा सम्बन्धित घरधनी र बहालमा बस्नेका बीचमा के कति रकममा बहालमा दिएको हो सो स्पष्ट हुने गरी खुलाई सम्झौता गर्नुपर्नेछ र त्यस्तो सम्झौताको १ प्रति अनिवार्य रूपमा नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखेको भए तापनि सिद्धार्थ राजमार्ग खण्डको दायाँ बायाँ ८२ फिट भित्र निर्माण भएका घरहरू समेत बहालमा दिएको रहेछ भने त्यस्ता घरहरूको समेत यसै ऐन अनुसारको घर बहाल कर लगाइने छ ।

तर,

सिद्धार्थ राजमार्ग खण्डको दायाँ बायाँ ८२ फिट भित्र निर्माण भई बहालमा दिएका घरहरूको घर बहाल कर राजश्व संकलन गरेका कारण सडक मापदण्ड अनुसार सम्बन्धित घरधनीले पालना गर्नु पर्ने शर्तबाट उन्मुक्ति पाउने छैन ।

४. **व्यवसाय दर्ता तथा नवीकरण शुल्क र करः** (१) नगरपालिका क्षेत्र भित्र कुनै पनि किसिमका व्यवसाय तथा सेवा संचालन गर्दा अनिवार्य रूपमा नगरपालिकामा दर्ता गरी संचालन गर्नुपर्नेछ । यसरी दर्ता भएका व्यवसायहरू आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र अनिवार्य रूपमा नवीकरण गर्नुपर्नेछ । यसरी नवीकरण गर्दा यस ऐनमा अन्यत्र उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएको हकमा रू. ५०० नवीकरण शुल्क लिईनेछ ।

(२) उपदफा (१) बमोजिम व्यवसाय दर्ता गर्दा लाग्ने शुल्क अनुसूची-२(क) मा तोकिए बमोजिम हुनेछ।

तर,

यो ऐन लागु हुनुभन्दा अगाडि दर्ता भएका व्यवसायहरू यसै ऐन अन्तर्गत दर्ता भएको मानिनेछ।

(३) नगरपालिका क्षेत्र भित्र कुनै पनि किसिमका व्यवसाय तथा सेवा संचालन गर्दा अनिवार्य रूपमा लगानीको आधारमा व्यवसाय कर बुझाउनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम लाग्ने व्यवसाय कर अनुसूची-२(ख) मा तोकिए बमोजिम हुनेछ।

(५) उपदफा (१) वमोजिम सिद्धार्थ राजमार्ग खण्डको ८२ फिट दायाँ बायाँ भित्र संचालनमा रहेका व्यापार व्यवसायीहरूबाट समेत उपदफा (३) बमोजिम व्यवसाय कर लगाइने छ ।

तर

सिद्धार्थ राजमार्ग खण्डको ८२ फिट दायाँ बायाँ भित्र संचालनमा रहेका व्यवसायीहरूवाट व्यवसाय कर राजश्व संकलन गरेका कारण सडक मापदण्ड लगायतका प्रचलित नेपाल कानून वमोजिम पालना गर्नु पर्ने शर्तहरूबाट उन्मुक्ति पाइने छैन ।

५. **ढुंगा, गिट्टी, बालुवा बिक्री तथा निकासी शुल्कः** (१) नगरपालिका क्षेत्रभित्र रोडा, गेग्रान, स्लेट ढुंगा, चट्टान ढुंगा, गिट्टी, चिप्स, ईट्टा पार्ने माटो, अन्य साधारण माटो, बालुवा, चुनढुंगा, नदी तथा खोलाले बगाएर ल्याएको काठ, कुकाठ र दाउरा/जराजुरी जस्ता दहत्तर बहत्तरको साथै खानी तथा नदीजन्य पदार्थ उत्खनन् र संकलनमा अनुसूची-३ बमोजिमको शुल्क लगाई राजश्व संकलन गरिनेछ ।

(२) नगरपालिका क्षेत्रभित्रका निजी जग्गामा रहेका रोडा, गेग्रान, स्लेट ढुंगा, चट्टान ढुंगा, गिट्टी, चिप्स, ईट्टा पार्ने माटो, अन्य साधारण माटो, बालुवा, चुनढुंगा जस्ता खानीजन्य पदार्थको उत्खनन् र संकलनमा समेत अनुसूची-३ बमोजिमको शुल्क लगाई राजश्व संकलन गरिनेछ ।

(३) नगरपालिकाले आफ्नो क्षेत्रभित्र नदिजन्य पदार्थ प्रशोधन गरी गुणस्तरीय नदिजन्य निर्माण सामग्री उत्पादन गर्नको लागि प्रशोधन मेशिन स्थापना गर्न सक्नेछ । प्रशोधित नदिजन्य निर्माण सामग्रीको बिक्री वितरण गर्दा अनुसूची-३क बमोजिम शुल्क लगाई राजश्व संकलन गरिनेछ ।

६. **सवारी साधन दर्ता/नविकरण शुल्कः** (१) नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची-४ बमोजिम सवारी साधन दर्ता तथा नबीकरण शुल्क लगाई राजश्व संकलन गरिनेछ ।

७. **विज्ञापन करः** (१) नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची-५ बमोजिम विज्ञापन कर लगाई राजश्व संकलन गरिनेछ ।

८. **मनोरन्जन करः** (१) नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसायको अनुसूची-६ बमोजिम व्यवसाय कर लगाई राजश्व संकलन गरिनेछ ।

९. **बहाल बिटौरी शुल्कः** (१) नगरपालिका क्षेत्रभित्र नगरपालिकाले निर्माण गरेका हाट बजार लगायतका क्षेत्रमा प्रति सय वर्ग फिट बराबर रू १००.०० का दरले प्रति महिना बहाल बिटौरी शुल्क लगाई राजश्व संकलन गरिनेछ ।

१०. **पार्किङ शुल्कः** (१) भीरकोट नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची-७ बमोजिम पार्किङ शुल्क लगाई राजश्व संकलन गरिनेछ।

११. **ट्रेकिङ्ग, कायोकिङ, क्यानोनिङ, बन्जी जम्पिङ, जिपफ्लायर, प्याराग्लाईडिङ र न्याफ्टीङ दर्ता वा नबीकरण तथा अनुमति शुल्कः** (१) भीरकोट नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कायोकिङ, क्यानोनिङ, बन्जी जम्पिङ, जिपफ्लायर, प्याराग्लाईडिङ र न्याफ्टीङ सेवा वा व्यवसाय दर्ता/नविकरण/अनुमति बापत अनुसूची-८ बमोजिमको शुल्क लगाई राजश्व संकलन गरिनेछ ।

१२. **सेवा शुल्क, दस्तुरः** (१) नगरपालिकाले निर्माण, संचालन तथा व्यवस्थापन लगायतका सेवा प्रदान गरे वापतको शुल्क तथा राजश्व अनूसूची-९ मा उल्लिखित दररेटमा नगरपालिकाबाट उपलब्ध गराइएको सेवा सुविधा वापत सेवाग्राहीहरूबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार सेवा शुल्क/दस्तुर लगाई राजश्व संकलन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि अनुसूची-९क मा उल्लिखित सेवा उपलब्ध गराए बापत नगरपालिकाले कुनैपनि सेवा शुल्क वा दस्तुर लिने छैन ।

१३. **सेवा दस्तुरः-** मालपोत कार्यालयबाट सम्पादन हुने काम कार्वाहिमा स्थानीय तहको भू-सेवा केन्द्रले पब्लिक एक्सिस मोडल मार्फत निवेदन गर्दा सेवाग्राहीसंग नगरपालिकाले अनुसूची-१० मा तोकिए बमोजिमको सेवा दस्तुर लिनेछ ।

१४. **घुम्ती व्यापार शुल्कः** (१) भीरकोट नगरपालिका क्षेत्रभित्र व्यक्ति वा सवारी साधनको माध्यमबाट सामान बोकी/राखी विक्रि वितरण गरे वापत तोकिए बमोजिम घुम्ती व्यापार शुल्क लिईनेछ ।

१५. **पर्यटकीय क्षेत्र प्रवेश शुल्कः** (१) भीरकोट नगरपालिका क्षेत्रभीत्र अवस्थित धार्मिक तथा पर्यटकीय स्थलहरूमा प्रवेश/वनभोज कार्यक्रम गर्दा अनुसूची-९ मा उल्लेख भए बमोजिमको शुल्क लिईनेछ ।

१६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** (१) भीरकोट नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, वनकस (खर), कवाडी सामान प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको बस्तुको उपयोग गरे बापत अनुसूची-१०क मा तोकिए बमोजिमको जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाईनेछ ।

१७. **पुनःप्रयोगमा आउने कवाडी सामानको बिक्री शुल्कः** (१) भीरकोट नगरपालिका क्षेत्रभित्रबाट उठाईएको फोहोरलाई प्रशोधन/बर्गीकरण गर्दा संकलन भएका पुनःप्रयोगमा आउने कवाडी सामान बिक्री गरे बापत अनुसूची-१० ख मा तोकिए बमोजिमको बिक्री शुल्क लिईनेछ ।

(२) भीरकोट नगरपालिका क्षेत्रभित्रबाट निकासी हुने कवाडीजन्य सामानहरुमा अनुसूची १० (ग) बमोजिमको निकासी कर लिईनेछ ।

१८. १) भीरकोट नगरपालिका क्षेत्रबाट निकासी हुने फलफूल, पशुपंक्षी र अण्डा लगायतका बस्तुहरुमा अनुसूची-१० घ) बमोजिम निकासी कर लिईने छ ।

१९. **कर छुटः** (१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

तर

भीरकोट नगरसभाबाट छुट दिने भनी निर्णय भएकोमा कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थालाई कर छुट दिन बाधा पर्ने छैन ।

२०. **निर्देशिका वा कार्यविधि बनाउने अधिकारः** (१) नगरपालिकाले यो ऐनमा भएको व्यवस्था अनुसार कर, दस्तुर तथा सेवा शुल्क संकलन गर्न आवश्यकता अनुसार निर्देशिका वा कार्यविधि बनाई लागु गर्न सक्नेछ।

**अनुसूची-१**
**(आर्थिक ऐनको दफा २ (१) सँग सम्बन्धित)**
**जग्गाको वर्गीकरण, न्यूनतम दररेट र मुल्याङ्कन**
**सम्पत्ति कर र भूमीकर (मालपोत)को दर**

| सि न | जग्गाको वर्गीकरण | जग्गाको न्यूनतम मूल्याङ्कन | आगामी आर्थिक वर्ष २०८३/८४को कर | |
|---|---|---|---|---|
| १ | भूमि प्रशासन कार्यालय स्याङ्जा र वालिङ्गले गरेको वर्गीकरण अनुसार | भूमि प्रशासन कार्यालय स्याङ्जा र वालिङ्गले गरेको न्यूनतम मुल्याङ्कनका आधारमा | कर योग्य सम्पत्तीको मुल्य ( भूमि प्रशासन कार्यालय स्याङ्जा र वालिङ्गको आर्थिक वर्ष २०८३/८४ को न्यूनतम मुल्याङ्कन अनुसार मूल्य कायम हुने) | सम्पत्ति कर र भूमीकरको दर |
| | | | रू १ देखि १ लाख सम्म | रू २५.०० |
| | | | रू १ लाख देखि रू २ लाख सम्म | रू ५०.०० |
| | | | रू २ लाख देखि रू ३ लाख सम्म | रू ७५.०० |
| | | | रू ३ लाख देखि रू ५ लाख सम्म | रू १००.०० |
| | | | रू ५ लाख देखि रू ७ लाख सम्म | रू १२५.०० |
| | | | रू ७ लाख देखि रू ९ लाख सम्म | रू १५०.०० |
| | | | रू ९ लाख देखि रू ११ लाख सम्म | रू १७५.०० |
| | | | रू ११ लाख देखि रू १४ लाख सम्म | रू २००.०० |
| | | | रू १४ लाख देखि रू १७ लाख सम्म | रू २५०.०० |
| | | | रू १७ लाख देखि रू २० लाख सम्म | रू ३००.०० |
| | | | रू २० लाख देखि रू २३ लाख सम्म | रू ३५०.०० |
| | | | रू २३ लाख देखि रू २६ लाख सम्म | रू ४००.०० |
| | | | रू २६ लाख देखि रू ३० लाख सम्म | रू ५००.०० |
| | | | रू ३० लाख देखि रू ३४ लाख सम्म | रू ६५०.०० |
| | | | रू ३४ लाख देखि रू ३८ लाख सम्म | रू ८५०.०० |
| | | | रू ३८ लाख देखि रू ४२ लाख सम्म | रू १०००.०० |
| | | | रू ४२ लाख देखि रू ४६ लाख सम्म | रू १२००.०० |
| | | | रू ४६ लाख देखि रू ५० लाख सम्म | रू १४००.०० |
| | | | रू ५० लाख देखि रू ५४ लाख सम्म | रू १६००.०० |
| | | | रू ५४ लाख देखि रू ५८ लाख सम्म | रू १८००.०० |
| | | | रू ५८ लाख देखि रू ६२ लाख सम्म | रू २०००.०० |
| | | | रू ६२ लाख देखि रू ६७ लाख सम्म | रू २२५०.०० |
| | | | रू ६७ लाख देखि रू ७२ लाख सम्म | रू २५००.०० |
| | | | रू ७२ लाख देखि रू ७७ लाख सम्म | रू २७५०.०० |
| | | | रू ७७ लाख देखि रू ८३ लाख सम्म | रू ३०००.०० |
| | | | रू ८३ लाख देखि रू ८९ लाख सम्म | रू ३३५०.०० |
| | | | रू ८९ लाख देखि रू ९५ लाख सम्म | रू ३५००.०० |
| | | | रू ९५ लाख देखि रू १ करोड सम्म | रू ३७५०.०० |
| | | | रू १ करोड देखि रू १ करोड ५० लाख सम्म | रू ५२५०.०० |
| | | | रू १ करोड ५० लाख देखि रू २ करोड सम्म | रू ६७५०.०० |

| | | | | |
|---|---|---|---|---|
| | | | रू २ करोड देखि रू २ करोड ५० लाख सम्म | रू ८२५०.०० |
| | | | रू २ करोड ५० लाख देखि रू ३ करोड सम्म | रू ९७५०.०० |
| | | | रू ३ करोड देखि रू ३ करोड ५० लाख सम्म | रू ११२५०.०० |
| | | | रू ३ करोड ५० लाख देखि रू ४ करोड सम्म | रु १२७५०.०० |
| | | | रू ४ करोड देखि रू ४ करोड ५० लाख सम्म | रु १४२५०.०० |
| | | | रू ४ करोड ५० लाख देखि रू ५ करोड सम्म | रु १५७५०.०० |
| | | | रू ५ करोड देखि माथि प्रति हजार | रू २.०० थप |

## अनुसूची-१क
(आर्थिक ऐनको दफा २ (१) सँग सम्बन्धित)

### संरचनाको मूल्यांकन दर

| क्षेत्र | | संरचना प्रति वर्गफिट रू. | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | RCC फ्रेम स्टक्चर र RCC ढलानको छाना | | RCC फ्रेम स्टक्चर र RCC जस्ताका छाना | | सिमेन्टको जोडाईमा ढुंगा/इट्टा को गाह्रो र RCC ढलानको छाना | | माटोको जोडाईमा ढुंगा/इट्टा को गाह्रो र RCC ढलानको छाना | | सिमेन्टको जोडाईमा ढुंगा/इट्टा/ब्लकको को गाह्रो र जस्ता/स्लेटको छाना | | माटोको जोडाईमा ढुंगा/इट्टा/ब्लकको को गाह्रो र जस्ता/स्लेटको छाना | |
| | | व्यापारिक, औधोगिक तथा संस्थागत | वसोवास | व्यापारिक, औधोगिक तथा संस्थागत | वसोवास | व्यापारिक, औधोगिक तथा संस्थागत | वसोवास | व्यापारिक, औधोगिक तथा संस्थागत | वसोवास | व्यापारिक, औधोगिक तथा संस्थागत | वसोवास | व्यापारिक, औधोगिक तथा संस्थागत | वसोवास |
| क | व्यापारिक | ६५०.०० | ६२५.०० | ५००.०० | ४८०.०० | ५००.०० | ४८०.०० | ४१०.०० | ३९०.०० | ३४५.०० | ३२५.०० | ३००.०० | २९०.०० |
| ख | आवासीय | ५५०.०० | ५००.०० | ४२०.०० | ४२०.०० | ४३०.०० | ३९०.०० | ३४०.०० | ३२०.०० | २८५.०० | २६०.०० | २४०.०० | २००.०० |
| ग | अन्य | ४५०.०० | ४००.०० | ३९०.०० | ३९०.०० | ३९०.०० | ३५०.०० | ३१०.०० | २९०.०० | २५०.०० | २२५.०० | २००.०० | १५०.०० |

## अनुसूची-१ख
### (आर्थिक ऐनको दफा २ (१) सँग सम्बन्धित)
### संरचनाको ह्रास कट्टी सम्बन्धी व्यवस्था (प्रतिशतमा)

| संरचनाको प्रकार | RCC फ्रेम स्टक्चर | RCC फ्रेम स्टक्चर र जस्ताको छाना | सिमेन्टको जोडाइमा ढुंगा/इट्टाको गाहो र RCC ढलानको छाना | माटोको जोडाइमा ढुंगा/इट्टाको गाहो र RCC ढलानको छाना | माटोको जोडाइमा ढुंगा/इट्टा/ब्लकको गाहो र जस्ता/स्लेटको छाना | माटोको जोडाइमा ढुंगा/इट्टाको गाहो र जस्ता/स्लेटको छाना | कच्ची घर |
|---|---|---|---|---|---|---|---|
| १-५ वर्ष | ५ | ५ | ५ | १० | १० | १० | १० |
| ६-१० वर्ष | १० | १२ | १२ | १५ | १८ | १० | २५ |
| ११-१५ वर्ष | १२ | १५ | १५ | २० | २५ | २० | ३० |
| १६-२० वर्ष | १५ | २० | २० | २५ | ३० | २७ | ४० |
| २१-२५ वर्ष | २० | २५ | २५ | ३० | ३५ | ३५ | ४० |
| २६-३० वर्ष | २५ | ३० | ३० | ३५ | ४० | ४० | ४० |
| ३१-३५ वर्ष | ३० | ३५ | ३५ | ४० | ४० | ४० | ४० |
| ३६-४० वर्ष | ३५ | ४० | ४० | ४० | ४० | ४० | ४० |
| ४० वर्ष भन्दा माथि | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० |

**अनुसूची-२ क**

**(आर्थिक ऐनको दफा ४ उपदफा (२) सँग सम्बन्धित)**

**व्यवसाय दर्ता शुल्क**

| क्र.स. | व्यवसायको किसिम | दर्ता शुल्क | कैफियत |
|---|---|---|---|
| १ | कपडा पसल | रू १०००.०० | |
| २ | फेन्सी पसल | रू १०००.०० | |
| ३ | गहना पसल | रू १०००.०० | |
| ४ | भाँडा पसल | रू १०००.०० | |
| ५ | औषधि पसल | रू १०००.०० | |
| ६ | सिलाई/टेलरिङ्ग पसल | रू १०००.०० | |
| ७ | ईलेक्ट्रिक सामान विक्रि | रू २०००.०० | |
| ८ | विद्युत सामान विक्रि पसल | रू २०००.०० | |
| ९ | फोटोग्राफर/ फोटो व्यवसाय | रू १०००.०० | |
| १० | दैनिक उपभोग्य वस्तुको थोक विक्रि | रू २०००.०० | |
| ११ | माछा, मासु पसल | रू ३०००.०० | |
| १२ | फर्निचर, शोःरूम | रू २०००.०० | |
| १३ | काष्ठ व्यवसाय | रू २०००.०० | |
| १४ | मोटर पार्टस तथा वर्कसप | रू ३०००.०० | |
| १५ | सवारी साधन विक्रि(साईकल, मोटरसाईकल, गाडी) शोःरूम | रू ३०००.०० | |
| १६ | हार्डवयेर सामान पसल | रू २०००.०० | |
| १७ | श्रृङ्गार तथा उपहार सामान/व्यूटिपार्लर | रू १०००.०० | |
| १८ | पेट्रोल पम्प | रू ५०००.०० | |
| १९ | पर्यटन सामाग्री विक्रि(हस्तकला) | रू १०००.०० | |
| २० | मर्मत संभार सेवा(हावा भर्ने/पन्चर/धुने) | रू १०००.०० | |
| २१ | घडी, रेडीयो, लुगा सिलाउने मेसिन, स्टोभ, भाँडाहरू, पङ्खा आदी मर्मत | रू १०००.०० | |
| २२ | कपडा धुलाई | रू १०००.०० | |
| २३ | साईन बोर्ड लेख्ने | रू १०००.०० | |
| २४ | पार्टि प्यालेस र क्याटरिङ्ग | रू ५०००.०० | |
| २५ | साउण्ड सिस्टम | रू ३०००.०० | |
| २६ | डिपार्टमेण्टल सुपरमार्केट | रू ५०००.०० | |
| २७ | पान पसल | रू १०००.०० | |
| २८ | उद्योग व्यवसाय(घरेलु उद्योग) | रू २०००.०० | |
| २९ | उद्योग व्यवसाय(कृषि-गाई, भैंसी, वाख्रा, पोल्ट्रि तथा वन्य जन्य ) फर्म | रू १०००.०० | |

| | | | |
|---|---|---|---|
| ३० | उद्योग व्यवसाय(होटल) | रू ५000.00 | |
| ३१ | उद्योग व्यवसाय(ट्राभल एण्ड टिकेटिङ्ग) | रू ५000.00 | |
| ३२ | उद्योग व्यवसाय(रेष्टुरेण्ट) | रू ३000.00 | |
| ३३ | उद्योग व्यवसाय(छापाखाना) | रू ३000.00 | |
| ३४ | उद्योग व्यवसाय(कुटानी पिसानी मिल) | रू २000.00 | |
| ३५ | बैंक तथा वित्तिय संस्था | रू २000.00 | |
| ३६ | बचत तथा ऋण सहकारी संस्था | रू १५00.00 | |
| ३७ | अन्य सहकारी संस्था | रू १000.00 | |
| ३८ | उद्योग व्यवसाय(अस्पताल/डेन्टल/क्लिनिक) | रू ५000.00 | |
| ३७ | विद्यालय (निजी विद्यालय) | रू ५000.00 | |
| ३८ | उद्योग व्यवसाय(जग्गा व्यवसाय) | रू १0000.00 | |
| ३९ | अस्थाई हाट बजार वा घुम्ती पसल | रू ३000.00 | |
| ४० | तरकारी/फलफूल | रू १000.00 | |
| ४१ | कपाल काट्ने/सैलुन | रू १000.00 | |
| ४२ | वर्गिकरणमा नपरेको अन्य व्यवसाय दर्ता | रू १000.00 | |
| ४३ | मादक पदार्थ जन्य डिलरसिप दर्ता | रू ३000.00 | |
| ४४ | मदिरा पसल दर्ता/नविकरण | रु.१000 | |
| ४५ | मल्टिनेशनल कम्पनीबाट उत्पादित वस्तुको डिलरसिप दर्ता | रू ३000.00 | |
| ४६ | प्लम्बिङ फर्म/व्यक्तिगत पेन्ट/फर्म/व्यक्तिगत इलेक्ट्रिकल फर्म/व्यक्तिगत सेनेटरी फर्म | रू १000.00 | |
| ४७ | पुरानो कपडा फिट्ने व्यवसाय | रु. ५000 | |
| ४८ | कुरियर सेवा | रु. १000 | |
| ४९ | बेकरी पसल | रु. १000 | |
| ५० | आल्मुनियम/स्टिल उद्योग | रु. १000 | |
| ५१ | खानेपानी आयोजनाको जल उपभोक्ता समिति | रु.५00 | |
| ५२ | खानेपानी आयोजना उपभोक्ता समिति | रु.५00 | |
| ५३ | ब्लक उद्योग | रु. ३000 | |
| ५४ | स्वास्थ्य क्लिनिक/क्लिनिक | रु.१0,000 | प्रतिसेवा |
| ५५ | स्वास्थ्य क्लिनिक/क्लिनिक नविकरण | रु. १000 | प्रतिसेवा |
| ५६ | डेन्टल व्यवसाय दर्ता/नविकरण | रु.१000 | |
| ५७ | वडा बालसंञ्जाल दर्ता | रु.२00 | |

| कन्सल्टेन्सी सूचीकृत दस्तुर | | | |
|---|---|---|---|
| १ | इन्जिनियर, सव इन्जिनियर, ड्राफ्टमेन र इन्जिनियरिङ्ग कन्सल्टेन्सी | रू ७५००.०० | |
| २ | कानूनी सेवा व्यवसाय/लेखापढी | रू ३०००.०० | |
| ३ | लेखापरीक्षक | रू ३०००.०० | |
| ४ | विमा एजेण्ट | रू ३०००.०० | |
| ५ | सर्भेयर | रू २०००.०० | |
| ६ | अन्य प्रकारको कन्सल्टेन्सी | रू २०००.०० | |

**नोटः**

क्रमसंख्या १ देखी ४६ सम्म उल्लिखित व्यवसायहरू नेपाल सरकारका अन्य निकायमा दर्ता भएको प्रमाणपत्र सहित नगरपालिकामा व्यवसाय दर्ताको लागि आएमा व्यवसाय दर्ता वापत रू. १०००.०० दर्ता शुल्क लिईनेछ । तर अन्य कार्यालयमा दर्ता गर्न नपर्ने गरि नगरपालिका कार्यालयबाटै दर्ताको प्रमाणपत्र उपलब्ध हुने व्यवसायको हकमा माथि तोकिए बमोजिमको दर्ता शुल्क लिईनेछ ।

**अनुसूची-२ख**
**(आर्थिक ऐनको दफा ४ उपदफा (४)**
**सँग सम्बन्धित)**
**व्यवसाय करः**

| होटल तथा रेष्टुरेण्ट व्यवसाय | | | | |
|---|---|---|---|---|
| क्र.स. | शिर्षक | आ.व. २०८३/८४को वार्षिक दर | | कैफियत |
| १ | होटल तथा रेष्टुरेण्ट व्यवसाय | रू. ५ लाख सम्म पूँजी भएमा | रू. १०००.०० | |
| | | रू. ५ लाख देखि रू. १० लाख सम्म पूँजी भएमा | रू. १५००.०० | |
| | | रू. १० लाख भन्दा वढी भएमा | प्रति लाखमा रू.५०.०० का दरले थप | |
| २ | खाजा/खाजा नास्ता पसल | | रू. १००० | |

| पार्टी प्यालेस तथा क्याटरिङ्ग व्यवसाय | | | | |
|---|---|---|---|---|
| क्र.स. | शिर्षक | आ.व. २०८३/८४को वार्षिक दर | | कैफियत |
| १ | पार्टी प्यालेस तथा क्याटरिङ्ग व्यवसाय | रू. ५ लाख सम्म पूँजी भएमा | रू. १०००.०० | |
| | | रू. ५ लाख देखि रू. १० लाख सम्म पूँजी भएमा | रू. १५००.०० | |
| | | रू. १० लाख भन्दा वढी भएमा | प्रति लाखमा रू. ५०.०० का दरले थप | |

| वर्कसप व्यवसाय | | | | |
|---|---|---|---|---|
| क्र.स. | शिर्षक | आ.व. २०८३/८४को वार्षिक दर | | कैफियत |
| १ | वर्कसप व्यवसाय | रू. १ लाख सम्म पूँजी भएमा | रू. ५००.०० | |
| | | रू. १ लाख देखि रू. ५ लाख सम्म पूँजी भएमा | रू. १०००.०० | |
| | | रू. ५ लाख भन्दा वढी भएमा | प्रति लाखमा रू. ५०.०० का दरले थप | |

| सवारी साधन वास व्यवसाय(गाडी धुने) | | | | |
|---|---|---|---|---|
| क्र.स. | शिर्षक | आ.व. २०८३/८४को वार्षिक दर | | कैफियत |
| १ | सवारी साधन वास व्यवसाय | रू. १ लाख सम्म पूँजी भएमा | रू. ५००.०० | |
| | | रू. १ लाख देखि रू. ५ लाख सम्म पूँजी भएमा | रू. १०००.०० | |
| | | रू. ५ लाख भन्दा वढी भएमा | प्रति लाखमा रू. ५०.०० का दरले थप | |

| हार्डवेयर व्यवसाय | | | | |
|---|---|---|---|---|
| क्र.स. | शिर्षक | आ.व. २०८३/८४को वार्षिक दर | | कैफियत |
| १ | हार्डवेयर व्यवसाय | रू. ५ लाख सम्म पूँजी भएमा | रू. १०००.०० | |
| | | रू. ५ लाख देखि रू. १० लाख सम्म पूँजी भएमा | रू. १५००.०० | |
| | | रू. १० लाख देखि रू. २० लाख सम्म भएमा | रू. २०००.०० | |
| | | रू. २० लाख देखि रू. ३० लाख सम्म भएमा | रू. २५००.०० | |
| | | रू. ३० लाख देखि रू. ४० लाख सम्म भएमा | रू. ३०००.०० | |
| | | रू. ४० लाख देखि रू. ५० लाख सम्म भएमा | रू. ३५००.०० | |
| | | रू. ५० लाख भन्दा वढी भएमा | प्रति लाखमा रू. १००.०० का दरले थप | |

| कपडा/फेन्सी पसल व्यवसाय | | | | |
|---|---|---|---|---|
| क्र.स. | शिर्षक | आ.व. २०८३/८४को वार्षिक दर | | कैफियत |
| १ | कपडा/फेन्सी पसल व्यवसाय | रू. १ लाख सम्म पूँजी भएमा | रू. ५००.०० | |
| | | रू. १ लाख देखि रू. ५ लाख सम्म पूँजी भएमा | रू. १०००.०० | |
| | | रू. ५ लाख देखि रू. १० लाख सम्म पूँजी भएमा | रू. १५००.०० | |
| | | रू. १० लाख भन्दा वढी भएमा | प्रति लाखमा रू. ५०.०० का दरले थप | |

| पुस्तक पसल व्यवसाय | | | | |
|---|---|---|---|---|
| क्र.स. | शिर्षक | आ.व. २०८३/८४को वार्षिक दर | | कैफियत |
| १ | पुस्तक पसल व्यवसाय | रू. १ लाख सम्म पूँजी भएमा | रू. ५००.०० | |
| | | रू. १ लाख देखि रू. ५ लाख सम्म पूँजी भएमा | रू. १०००.०० | |
| | | रू. ५ लाख भन्दा वढी भएमा | प्रति लाखमा रू. ५०.०० का दरले थप | |
| | | | | |

| स्टेशनरी तथा गिफ्ट व्यवसाय | | | | |
|---|---|---|---|---|
| क्र.स. | शिर्षक | आ.व. २०८३/८४को वार्षिक दर | | कैफियत |
| १ | स्टेशनरी तथा गिफ्ट व्यवसाय | रू. १ लाख सम्म पूँजी भएमा | रू. ५००.०० | |
| | | रू. १ लाख भन्दा वढी भएमा | रू. १०००.०० | |

| टेलरिङ्ग व्यवसाय | | | | |
|---|---|---|---|---|
| क.स. | शिर्षक | आ.व. २०८३/८४को वार्षिक दर | | कैफियत |
| १ | टेलरिङ्ग व्यवसाय | रू. १ लाख सम्म पूँजी भएमा | रू. ५००.०० | |
| | | रू. १ लाख भन्दा वढी भएमा | रू. १०००.०० | |
| **लन्ड्री व्यवसाय** | | | | |
| क.स. | शिर्षक | आ.व. २०८३/८४को वार्षिक दर | | कैफियत |
| १ | लन्ड्री व्यवसाय | रू. १ लाख सम्म पूँजी भएमा | रू. ५००.०० | |
| | | रू. १ लाख भन्दा वढी भएमा | रू. १०००.०० | |

| औषधी व्यवसाय | | | | |
|---|---|---|---|---|
| क.स. | शिर्षक | आ.व. २०८३/८४को वार्षिक दर | | कैफियत |
| १ | औषधी व्यवसाय | रू. ५ लाख सम्म पूँजी भएमा | रू. १०००.०० | |
| | | रू. ५ लाख भन्दा बढी पुँजि भएका | रू. १५००.०० | |

| भेटेरीनरी व्यवसाय | | | | |
|---|---|---|---|---|
| क.स. | शिर्षक | आ.व. २०८३/८४को वार्षिक दर | | कैफियत |
| १ | भेटेरीनरी व्यवसाय | रू. ५ लाख सम्म पूँजी भएमा | रू. १०००.०० | |
| | | रू. ५ लाख भन्दा वढी भएमा | रू. १५००.०० | |

| ब्यूटी पार्लर व्यवसाय | | | | |
|---|---|---|---|---|
| क.स. | शिर्षक | आ.व. २०८३/८४को वार्षिक दर | | कैफियत |
| १ | ब्यूटी पार्लर व्यवसाय | रू. १ लाख सम्म पूँजी भएमा | रू. ५००.०० | |
| | | रू. १ लाख भन्दा वढी भएमा | रू. १०००.०० | |

| हेयर कटिङ्ग(सैलुन) व्यवसाय | | | | |
|---|---|---|---|---|
| क.स. | शिर्षक | आ.व. २०८३/८४को वार्षिक दर | | कैफियत |
| १ | हेयर कटिङ्ग(सैलुन) व्यवसाय | रू. १ लाख सम्म पूँजी भएमा | रू. ५००.०० | |
| | | रू. १ लाख भन्दा वढी भएमा | रू. १०००.०० | |

| सुनचाँदी व्यवसाय | | | | |
|---|---|---|---|---|
| क.स. | शिर्षक | आ.व. २०८३/८४को वार्षिक दर | | कैफियत |
| १ | सुनचाँदी व्यवसाय | रू. ५ लाख सम्म पूँजी भएमा | रू. १०००.०० | |
| | | रू. ५ लाख देखि रू. १० लाख सम्म पूँजी भएमा | रू. १५००.०० | |

| | | | | |
|---|---|---|---|---|
| | | रू. १० लाख भन्दा वढी भएमा | प्रति लाखमा रू. १००.०० का दरले थप | |

**खुद्रा मदिरा व्यवसाय**

| क्र.स. | शिर्षक | आ.व. २०८३/८४को वार्षिक दर | | कैफियत |
|---|---|---|---|---|
| १ | मदिरा व्यवसाय | रू. १० लाख सम्म पूँजी भएमा | रू. १५००.०० | |
| | | रू. १० लाख देखि रू. २० लाख सम्म पूँजी भएमा | रू. २०००.०० | |
| | | रू. २० लाख भन्दा बढी भएमा | प्रति लाखमा रू. १००.०० का दरले थप | |

**थोक मदिरा व्यवसाय**

| क्र.स. | शिर्षक | आ.व. २०८३/८४को वार्षिक दर | | कैफियत |
|---|---|---|---|---|
| १ | मदिरा व्यवसाय | रू. १० लाख सम्म पूँजी भएमा | रू. २०००.०० | |
| | | रू. १० लाख देखि रू. २० लाख सम्म पूँजी भएमा | रू. २५००.०० | |
| | | रू. २० लाख भन्दा वढी भएमा | प्रति लाखमा रू. १५०.०० का दरले थप | |

**चिया तथा खाजा पसल व्यवसाय**

| क्र.स. | शिर्षक | आ.व. २०८३/८४को वार्षिक दर | | कैफियत |
|---|---|---|---|---|
| १ | चिया पसल व्यवसाय | रू. १ लाख सम्म पूँजी भएमा | रू. १००.०० | |
| | | रू. १ लाख देखि रू. ५ लाख सम्म पूँजी भएमा | रू. ५००.०० | |
| | | रू. ५ लाख भन्दा वढी भएमा | प्रति लाखमा रू. १.०० का दरले थप | |

**खुद्रा किराना पसल व्यवसाय**

| क्र.स. | शिर्षक | आ.व. २०८३/८४ को वार्षिक दर | | कैफियत |
|---|---|---|---|---|
| १ | खुद्रा किराना पसल व्यवसाय | रू. २ लाख ५० हजार सम्म पूँजी भएमा | रू. ५००.०० | |
| | | रू. २ लाख ५० हजार देखि रू. ५ लाख सम्म पूँजी भएमा | रू. १०००.०० | |
| | | रू. ५ लाख भन्दा वढी भएमा | प्रति लाखमा रू. ५०.०० का दरले थप | |

**थोक तरकारी पसल व्यवसाय**

| क्र.स. | शिर्षक | आ.व. २०८३/८४को वार्षिक दर | | कैफियत |
|---|---|---|---|---|
| १ | थोक तरकारी पसल व्यवसाय | रू. ५ लाख सम्म पूँजी भएमा | रू. १०००.०० | |
| | | रू. ५ लाख भन्दा वढी भएमा | रू. १५००.०० | |

| खुद्रा तरकारी तथा फलफुल पसल व्यवसाय | | | | |
|---|---|---|---|---|
| क्र.स. | शिर्षक | आ.व. २०८३/८४को वार्षिक दर | | कैफियत |
| १ | खुद्रा तरकारी तथा फलफुल पसल व्यवसाय | रू. १ लाख सम्म पूँजी भएमा | रू. ५००.०० | |
| | | रू. १ लाख भन्दा वढी भएमा | रू. १०००.०० | |

| मासु पसल व्यवसाय | | | | |
|---|---|---|---|---|
| क्र.स. | शिर्षक | आ.व. २०८३/८४को वार्षिक दर | | कैफियत |
| १ | मासु पसल व्यवसाय | रू. १ लाख सम्म पूँजी भएमा | रू. ५००.०० | |
| | | रू. १ लाख भन्दा वढी भएमा | रू. १०००.०० | |

| पेट्रोलियम व्यवसाय | | | | |
|---|---|---|---|---|
| क्र.स. | शिर्षक | आ.व. २०८३/८४को वार्षिक दर | | कैफियत |
| १ | पेट्रोलियम व्यवसाय | रू. ५ लाख सम्म पूँजी भएमा | रू. १०००.०० | |
| | | रू. ५ लाख भन्दा वढी भएमा | रू. १५००.०० | |

| कम्प्यूटर तथा मोबाईल व्यवसाय | | | | |
|---|---|---|---|---|
| क्र.स. | शिर्षक | आ.व. २०८३/८४को वार्षिक दर | | कैफियत |
| १ | कम्प्यूटर तथा मोबाईल व्यवसाय | रू. ५ लाख सम्म पूँजी भएमा | रू. १०००.०० | |
| | | रू. ५ लाख भन्दा वढी भएमा | रू. १५००.०० | |

| ईलेक्ट्रोनिक व्यवसाय | | | | |
|---|---|---|---|---|
| क्र.स. | शिर्षक | आ.व. २०८३/८४को वार्षिक दर | | कैफियत |
| १ | ईलेक्ट्रोनिक व्यवसाय | रू. ५ लाख सम्म पूँजी भएमा | रू. १०००.०० | |
| | | रू. ५ लाख भन्दा वढी भएमा | रू. १५००.०० | |

| छापाखाना व्यवसाय | | | | |
|---|---|---|---|---|
| क्र.स. | शिर्षक | आ.व. २०८३/८४को वार्षिक दर | | कैफियत |
| १ | छापाखाना व्यवसाय | रू. ५ लाख सम्म पूँजी भएमा | रू. १०००.०० | |
| | | रू. ५ लाख भन्दा वढी भएमा | रू. १५००.०० | |

| रेडियो तथा मोबाईल मर्मत व्यवसाय | | | | |
|---|---|---|---|---|
| क्र.स. | शिर्षक | आ.व. २०८३/८४को वार्षिक दर | | कैफियत |
| १ | रेडियो तथा मोबाईल मर्मत व्यवसाय | रू. १ लाख सम्म पूँजी भएमा | रू. ५००.०० | |
| | | रू. १ लाख भन्दा वढी भएमा | रू. १०००.०० | |

| फर्निसिङ्ग तथा डेकोरेशन व्यवसाय | | | | |
|---|---|---|---|---|
| क्र.स. | शिर्षक | आ.व. २०८३/८४ को वार्षिक दर | | कैफियत |
| १ | फर्निसिङ्ग तथा डेकोरेशन व्यवसाय | रू. ५ लाख सम्म पूँजी भएमा | रू. १०००.०० | |
| | | रू. ५ लाख भन्दा वढी भएमा | रू. १५००.०० | |

| निर्माण सामाग्री उत्पादन तथा विक्रि वितरण व्यवसाय | | | | |
|---|---|---|---|---|
| क्र.स. | शिर्षक | आ.व. २०८३/८४ को वार्षिक दर | | कैफियत |
| १ | निर्माण सामाग्री उत्पादन तथा विक्रि वितरण व्यवसाय | रू. ५ लाख सम्म पूँजी भएमा | रू. १०००.०० | |
| | | रू. ५ लाख भन्दा वढी भएमा | रू. १५००.०० | |

| विशेषज्ञ तथा परामर्श व्यवसाय | | | | |
|---|---|---|---|---|
| क्र.स. | शिर्षक | आ.व. २०८३/८४को वार्षिक दर | | कैफियत |
| १ | विशेषज्ञ तथा परामर्श व्यवसाय | रू. १ लाख सम्म पूँजी भएमा | रू. ५००.०० | |
| | | रू. १ लाख भन्दा वढी भएमा | रू. १०००.०० | |

| लेखापढी, कानून तथा लेखापरीक्षक व्यवसाय | | | | |
|---|---|---|---|---|
| क्र.स. | शिर्षक | आ.व. २०८३/८४को वार्षिक दर | | कैफियत |
| १ | लेखापढी, कानून तथा लेखापरीक्षक व्यवसाय | रू. १ लाख सम्म पूँजी भएमा | रू. ५००.०० | |
| | | रू. १ लाख भन्दा वढी भएमा | रू. १०००.०० | |

| निर्माण व्यवसाय | | | | |
|---|---|---|---|---|
| क्र.स. | शिर्षक | आ.व. २०८३/८४ को वार्षिक दर | | कैफियत |
| १ | निर्माण व्यवसाय | रू. ५ लाख सम्म पूँजी भएमा | रू. १०००.०० | |
| | | रू. ५ लाख देखि १० लाख सम्म पुँजी भएमा | रू. १५००.०० | |
| | | रू. १० लाख भन्दा वढी भएमा | रू. २०००.०० | |

| कवाडी व्यवसाय | | | | |
|---|---|---|---|---|
| क.स. | शिर्षक | आ.व. २०८३/८४को वार्षिक दर | | कैफियत |
| १ | कवाडी व्यवसाय | रू. १ लाख सम्म पूँजी भएमा | रू. ५००.०० | |
| | | रू. १ लाख भन्दा वढी भएमा | रू. १०००.०० | |

| पेन्टिङ्ग(आर्टस) व्यवसाय | | | | |
|---|---|---|---|---|
| क.स. | शिर्षक | आ.व. २०८३/८४को वार्षिक दर | | कैफियत |
| १ | पेन्टिङ्ग(आर्टस) व्यवसाय | रू. १ लाख सम्म पूँजी भएमा | रू. ५००.०० | |
| | | रू. १ लाख भन्दा वढी भएमा | रू. १०००.०० | |

| दुग्ध जन्य पदार्थ सम्बन्धी व्यवसाय | | | | |
|---|---|---|---|---|
| क.स. | शिर्षक | आ.व. २०८३/८४ को वार्षिक दर | | कैफियत |
| १ | दुग्ध जन्य पदार्थ सम्बन्धी व्यवसाय | रू. १ लाख सम्म पूँजी भएमा | रू. ५००.०० | |
| | | रू. १ लाख भन्दा वढी भएमा | रू. १०००.०० | |

| फर्निचर व्यवसाय | | | | |
|---|---|---|---|---|
| क.स. | शिर्षक | आ.व. २०८३/८४को वार्षिक दर | | कैफियत |
| १ | **फर्निचर व्यवसाय** | रू. ५ लाख सम्म पूँजी भएमा | रू. १०००.०० | |
| | | रू. ५ लाख देखि रू. १० लाख सम्म पूँजी भएमा | रू. १५००.०० | |
| | | रू. १० लाख देखि रू. १५ लाख सम्म पूँजी भएमा | रू. २०००.०० | |
| | | रू. १५ लाख देखि रू. २० लाख सम्म पूँजी भएमा | रू. २५००.०० | |
| | | रू. २० लाख भन्दा वढी भएमा | प्रति लाख रू. १००.०० का दरले थप | |

| वित्तिय तथा सहकारी संस्था सम्बन्धी व्यवसाय | | | | |
|---|---|---|---|---|
| क.स. | शिर्षक | आ.व. २०८३/८४को वार्षिक दर | | कैफियत |
| १ | नेपाल सरकारको स्वामित्व नरहेका वाणिज्य बैंक | रू. १ करोड सम्म | रू. ५०००.०० | |
| | | रू. १ करोड देखि रू. ५ करोड सम्म पुँजी भएमा | रू. ७५००.०० | |
| | | रू. ५ करोड भन्दा वढी भएमा | रू. १००००.०० | |
| २ | सहकारी तथा लघुवित्त व्यवसाय | रू. १० लाख सम्म पूँजी भएमा | रू. २०००.०० | |
| | | रू. १० लाख देखि रू. २० लाख सम्म | रू. ३०००.०० | |

| | | | | |
|---|---|---|---|---|
| | | रू. ३० लाख देखि रू. ४० लाख सम्म | रू. ४०००.०० | |
| | | रू. ४० लाख देखि रू. ५० लाख सम्म | रू. ५०००.०० | |
| | | रू. ५० लाख भन्दा वढी भएमा | प्रति लाखमा रू. १००.०० का दरले थप | |

| रेडीयो तथा संचार व्यवसाय | | | | |
|---|---|---|---|---|
| क्र.स. | शिर्षक | आ.व. २०८३/८४को वार्षिक दर | | कैफियत |
| १ | रेडीयो तथा संचार व्यवसाय | रू. १ लाख सम्म पूँजी भएमा | रू. ५००.०० | |
| | | रू. १ लाख देखि रू. ५ लाख सम्म भएमा | रू. १०००.०० | |
| | | रू. ५ लाख भन्दा वढी भएमा | रू. १५००.०० | |
| | | | | |

| पोल्ट्रि तथा ह्याचरी जन्य व्यवसाय | | | | |
|---|---|---|---|---|
| क्र.स. | शिर्षक | आ.व. २०८३/८४को वार्षिक दर | | कैफियत |
| १ | पोल्ट्रि तथा ह्याचरी जन्य व्यवसाय | रू. १ लाख सम्म पूँजी भएमा | रू. ५००.०० | |
| | | रू. १ लाख देखि रू. ५ लाख सम्म भएमा | रू. १०००.०० | |
| | | रू. ५ लाख भन्दा वढी भएमा | प्रति लाखमा रू. १००.०० का दरले थप | |
| | | | | |

| संस्थागत विद्यालय | | | | |
|---|---|---|---|---|
| क्र.स. | शिर्षक | आ.व. २०८३/८४को वार्षिक दर | | कैफियत |
| १ | संस्थागत विद्यालय | आधारभुत तह भएमा | रू. १०००.०० | |
| | | माध्यमिक तह भएमा | रू. २०००.०० | |

| डेण्टल व्यवसाय | | | | |
|---|---|---|---|---|
| क्र.स. | शिर्षक | आ.व. २०८३/८४को वार्षिक दर | | कैफियत |
| १ | डेण्टल व्यवसाय | रू. १ लाख सम्म पूँजी भएमा | रू. ५००.०० | |
| | | रू. १ लाख भन्दा वढी भएमा | रू. १०००.०० | |

| चस्मा पसल व्यवसाय | | | | |
